16th April , 2026 Thursday

आकाशवाणी

**प्रमुख समाचारहरुबाट**

1.प्रधानमन्त्री श्री मोदीले देशको महिलालाई निर्णय प्रक्रियामा सहभागी गराउनुपर्नेमा दिनुभयो जोड ।

२.प्रधानमन्त्री श्री मोदीले नयाँ दिल्लीमा अष्ट्रियाका चान्सलर ख्रीष्टियन स्टकरसँग गर्नु भयो द्विपक्षीय वार्ता

३. अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रमुखले विश्वव्यापी आर्थिक मन्दी र युद्ध अवरोध रहेतापनि भारतको अर्थतन्त्र बलियो रहने अपेक्षा व्यक्त गर्नुभयो

४.तमिलनाडु र पश्चिम बंगालमा आगामी २३ अप्रेलमा हुने विधानसभा चुनावअघि ज्येष्ठ नागरिक तथा दिव्याङ्ग व्यक्तिहरूका लागि १६ अप्रेल देखि १८ अप्रेलसम्म घरमै बसेर मतदान गर्ने गरिएको छ व्यवस्था ।

*१. लोकसभा–पीएम नारी शक्ति*

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशको ५० प्रतिशत जनसंख्या अर्थात् महिलालाई निर्णय प्रक्रियामा सहभागी गराउनुपर्नेमा जोड दिनु भएको छ । उहाँले नारी शक्तिले देशको विकासमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नु हुँदै नीति निर्माणमा नारीहरूको उचित प्रतिनिधित्व आवश्यक रहेको बताउनु भएको छ । उहाँले आज लोकसभामा नारी शक्ति वन्दन अधिनियमसँग सम्बन्धित तीन प्रमुख संवैधानिक संशोधन विधेयकहरूमाथि भएको छलफलका क्रममा यस्तो बताएका हुन्। यी विधेयकहरूमा संविधान (१३१ औँ संशोधन) विधेयक, २०२६, डिलिमिटेशन विधेयक, २०२६ र केन्द्रशासित प्रदेश कानुन (संशोधन) विधेयक, २०२६ समावेश छन्।

प्रधानमन्त्री श्री मोदीले विपक्षी दलहरूलाई यस ऐतिहासिक विधेयकलाई राजनीतिक रंग नदिन आग्रह गर्नु हुँदै यसले देश र लोकतन्त्र दुवैकालागि लाभदायक हुने बिचार व्यक्त गर्नु भयो ।

उहाँले यसको विरोध गर्नेहरूले भविष्यमा परिणाम भोग्नुपर्ने चेतावनी पनि दिनुभयो विकसित भारत केवल पूर्वाधार, रेलमार्ग वा आर्थिक सूचकमा सीमित नभई महिलाको समान सहभागिताबाट मात्र सम्भव हुने बताउनु भयो । साथै, नीति निर्माणमा 'सबका साथ, सबका विकास' को भावना झल्किनुपर्ने उहाँको भनाइ रहेको थियो।

*२. प्रधानमन्त्री–अष्ट्रिया वार्ता*

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा अष्ट्रियाका चान्सलर ख्रीष्टियन स्टकरसँग द्विपक्षीय वार्ता गर्नु भएको छ । बैठकका क्रममा भारत र अष्ट्रियाबीच खाद्य सुरक्षा, सैन्य सहकार्य तथा आतंकवादविरुद्ध संयुक्त कार्यसमूह सम्बन्धी सम्झौता तथा दस्तावेजहरूको आदानप्रदान गरिएको छ।

प्रधानमन्त्री श्री मोदीले भारतको जनशक्तिले अष्ट्रियाको नवप्रवर्तन र उत्पादन क्षमतामा सहयोग पुर्‍याउने सहयोग पुर्‍याउने उल्लेख गर्नु हुँदै दुवै देशबीच युवाहरूको आदानप्रदान बढाउन "भारत–अष्ट्रिया वर्किङ वर्किङ होलिडे कार्यक्रम" सुरु गरिने पनि जानकारी दिनु भयो । रक्षा, सेमिकन्डक्टर, क्वान्टम र जैव प्रविधिलगायत विभिन्न क्षेत्रमा सहकार्य विस्तार गरिने उहाँले अझ बताउनु भयो । अष्ट्रियाका चान्सलर चान्सलर स्टॉकरले आफ्नो भारत भ्रमणलाई द्विपक्षीय सम्बन्धका लागि महत्वपूर्ण बताएका छन् । पछिल्लो

पछिल्लो दशकमा द्विपक्षीय व्यापार बढेर करिब तीन अर्ब युरो पुगेको उनले जानकारी दिए। यसअघि श्री श्री चान्सलर र उहाँकी पत्नीले राजघाट पुगेर महात्मा गाँधीप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए । यो उनको यो उनको पहिलो भारत तथा पहिलो आधिकारिक एशिया भ्रमण हो।

### *३. भारत–आईएमएफ प्रमुख*

अन्तर्राष्ट्रिय मुद्रा कोष की प्रमुख  क्रिष्टालिना गियोरगिभाले विश्वव्यापी आर्थिक मन्दी र युद्ध अवरोध रहेतापनि भारतको अर्थतन्त्र बलियो रहने अपेक्षा व्यक्त गरेकी छन्। आईएमएफको एक पत्रकार सम्मेलनमा बोल्नु हुँदै उहाँले भारतको सुदृढ आधारभूत आर्थिक अवस्थाले अन्य धेरै देशभन्दा राम्रो प्रदर्शन गर्न सहयोग गरिरहेको बताउनु भयो । उहाँ अनुसार भारतको आर्थिक वृद्धि दर विश्वको औसत वृद्धि दरभन्दा दुई गुणाभन्दा बढी रहेको छ। विगत केही वर्षमा भएका नीतिगत सुधार र संस्थागत क्षमताको विकासले भारतको अर्थतन्त्रलाई थप बलियो बनाएको पनि उहाँले उल्लेख गर्नुभयो ।

### *४. न्यूक्लियर ऊर्जा कार्यक्रम*

लोकसभाले आज भारतको आणविक ऊर्जा कार्यक्रममा प्राप्त गरेको महत्वपूर्ण उपलब्धिको प्रशंसा गरेको छ। तमिलनाडुको कल्पक्कममा स्वदेशमै डिजाइन र निर्माण गरिएको प्रोटोटाइप फास्ट ब्रीडर रिएक्टरले सफलतापूर्वक "क्रिटिकलिटी" प्राप्त गरेको हो। लोकसभा सभामुख श्री ओम बिरलाले  यसलाई भारतको वैज्ञानिक प्रगति र प्राविधिक आत्मनिर्भरताको यात्रामा महत्वपूर्ण उपलब्धि बताउनु भएको  छ । उहाँले यस महिनाको ६ तारिखमा ५०० मेगावाट क्षमताको उक्त रिएक्टरले पहिलोपटक सफलतापूर्वक क्रिटिकलिटी प्राप्त गरेको जानकारी दिनु भयो । सभामुख बिर्लाले यो केवल प्राविधिक उपलब्धि मात्र नभई हजारौं वैज्ञानिक, इन्जिनियर तथा उद्योग क्षेत्रको निरन्तर प्रयासबाट सम्भव भएको राष्ट्रिय सफलता भएको बताउनु भयो । यस ऐतिहासिक उपलब्धिले आणविक ऊर्जा मिशनलाई थप बलियो गर्नुका साथै सन् २०७० सम्म "नेट–जिरो उत्सर्जन" प्राप्त गर्ने भारतको वैश्विक प्रतिबद्धतालाई सुदृढ बनाएको उल्लेख गर्नु भयो ।

### *५. माण्डविया–वाडा कार्यशाला*

युवा तथा खेलकुद मन्त्री श्री मनसुख मांडवियाले स्वच्छ र निष्पक्ष खेल अभ्यासको विकास तथा विश्वभरि डोपिङविरुद्ध लड्न भारतको दृढ प्रतिबद्धता रहेको व्यक्त गर्नु भएको छ । नयाँ दिल्लीमा आयोजित World Anti-Doping Agency को ग्लोबल एन्टि-डोपिङ इन्टेलिजेन्स एन्ड इन्भेस्टिगेसन्स नेटवर्क (GAIIN) को अन्तिम सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उहाँले यस्तो बताएका हुन्। मन्त्री श्री  माण्डवियाले खेलकुदको निष्पक्षता कायम गर्न भारतले सक्रिय सुधारहरू गरेको र नियमअनुसार पालनामा जोड दिएको बताउनु भएको छ । उहाँले राष्ट्रिय एन्टि-डोपिङ एजेन्सीले कार्यशाला, सेमिनार, डिजिटल अभियान तथा विभिन्न कार्यक्रममार्फत सचेतना फैलाउन बहु-स्तरीय रणनीति अपनाएको जानकारी दिनु भयो । साथै, अपाङ्गता भएका खेलाडीका लागि विशेष शैक्षिक मोड्युल पनि विकास गरिएको उल्लेख गर्नु भयो । अन्तर्राष्ट्रिय सहकार्यको महत्व उल्लेख गर्नुहुँदै उहाँले यस्ता ग्लोबल नेटवर्कहरूले डोपिङविरुद्धको लडाइँमा सहयोग सुदृढ पार्ने बताउनु भयो । साथै, Khelo India र Fit India Movement जस्ता पहलमार्फत भारत विश्व खेलकुद शक्ति बन्ने दिशामा अघि बढिरहेको र खेललाई राष्ट्रिय पहिचानको अभिन्न अंग बनाउने लक्ष्य रहेको उहाँले दोहोर्याउनु भयो ।

### ६. चुनाव अपडेट

तमिलनाडुमा  आगामी २३ अप्रेलमा हुने विधानसभा चुनावअघि चेन्नईका सबै १६ वटा विधानसभा क्षेत्रमा ८५ वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिक तथा दिव्याङ्ग व्यक्तिहरूका लागि १६ अप्रेल देखि १८ अप्रेलसम्म पोस्टल मतदान घरमै बसेर मतदान गर्ने व्यवस्था गरिएको छ। यस अन्तर्गत फर्म १२ डी मार्फत घरबाटै मतदान गर्ने विकल्प रोजेका कुल ८,९४७ मतदाता सहभागी हुनेछन्। प्रेस विज्ञप्तिअनुसार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म मतदाताहरूको घरमै पुगेर मतदान प्रक्रिया सम्पन्न गरिनेछ। यसैबीच, निर्वाचन आयोगले आगामी विधानसभा चुनावका लागि मतदाता सूचना पर्ची वितरण सुरु गरेको छ। यो प्रक्रिया हाल तमिलनाडु र पश्चिम बंगालमा जारी छ। पश्चिम बंगालमा पनि २३ अप्रेलमा पहिलो चरणको मतदान हुनेछ भने दोस्रो चरणको मतदान २६ अप्रेलमा हुनेछ। तमिलनाडु, पश्चिम बंगाल, असम, पुडुचेरी र केरल राज्यका चुनाव परिणाम ४ मई २०२६ मा सार्वजनिक गरिनेछन्।

### *७. राष्ट्रपति–सेवाग्राम*

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले सबैले अन्य भाषा सिक्नुपर्ने तर आफ्नो मातृभाषा कहिल्यै नबिर्सनुपर्ने बताएकी छन्। उहाँले आफ्नै भाषालाई सधैं प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो। महाराष्ट्रको वर्धामा रहेको महात्मा गाँधी अन्तराष्ट्रिय हिन्दी विश्वविद्धालयको छैटौं दीक्षान्त समारोहलाई सम्बोधन गर्नु हुँदै उहाँले यस्तो बिचार पोखेकी हुन्। राष्ट्र निर्माणमा भारतीय भाषाको महत्व उल्लेख गर्नु हुँदै राष्ट्रपति मुर्मुले आत्मनिर्भर र विकसित भारत निर्माण गर्न भाषागत आधार सुदृढ हुनुपर्ने बताइन्। उहाँले राष्ट्रिय शिक्षा नीति लगायत विभिन्न पहलहरूले देश सही दिशातर्फ अघि बढिरहेको पनि उल्लेख गर्नु भयो । हिन्दी भाषाको प्रवर्द्धनमा विश्वविद्यालयको भूमिकाबारे बोल्नु हुँदै उहाँले यहाँबाट भारतीय भाषा, अन्तर्राष्ट्रिय साहित्य र हिन्दी साहित्यको व्यापक प्रचार–प्रसार गर्नुपर्ने कुरामा जोड दिनु भयो । साथै, विद्यार्थीहरूलाई भारतीय भाषाको सम्मान गर्न र भारतीय ज्ञान प्रणालीलाई पुनर्जीवित गर्न आग्रह गर्नु भयो ।

### *८. चेस च्याम्पियनसिप*

चेसतर्फ भारतकी ग्रान्डमास्टर आर वैशालीले साइप्रसमा आयोजित (FIDI) महिला क्यान्डिडेट्स प्रतियोगिता २०२६ को उपाधि जितेकी छन् । २४ वर्षीया वैशालीले अन्तिम चरणमा रूसकी केथरिना लागनोकलाई पराजित गर्दै १४ खेलमध्ये ८.५ अंकसहित यो सफलता हासिल गरेकी हुन् । यस जितसँगै वैशालीले यस वर्ष हुने विश्व चेस च्याम्पियनसिपमा स्थान सुरक्षित गरेकी छन्, जहाँ उहाँको प्रतिस्पर्धा चीनकी जु वेनजुनसँग हुनेछ।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः**

1.प्रधानमन्त्री श्री मोदीले देशको महिलालाई निर्णय प्रक्रियामा सहभागी गराउनुपर्नेमा दिनुभयो जोड ।

२.प्रधानमन्त्री श्री मोदीले नयाँ दिल्लीमा अष्ट्रियाका चान्सलर ख्रीष्टियन स्टकरसँग गर्नु भयो द्विपक्षीय वार्ता

३. अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रमुखले विश्वव्यापी आर्थिक मन्दी र युद्ध अवरोध रहेतापनि भारतको अर्थतन्त्र बलियो रहने अपेक्षा व्यक्त गर्नुभयो

४.तमिलनाडु र पश्चिम बंगालमा आगामी २३ अप्रेलमा हुने विधानसभा चुनावअघि ज्येष्ठ नागरिक तथा दिव्याङ्ग व्यक्तिहरूका लागि १६ अप्रेल देखि १८ अप्रेलसम्म घरमै बसेर मतदान गर्ने गरिएको छ व्यवस्था ।